# ग्रेड तीनसम्बन्धी कानुनु अनुसारको पठन

## सार्वजनिक ऐन 306 को बारेमा अभिभावकहरूलाई मागदर्शन

Ingham Intermediate School District
*A Regional Educational Service Agency*

यो पठनको क्रियाकलाप हेर्नुहोस् र घरमा आफ्नो बच्चासँग यो क्रियाकलाप गर्न प्रयास गर्नुहोस् । प्रतिध्वनि बनाएर पढ्ने तरिका: http://bit.ly/2dUEDPI

## 1 यो कानुन समग्र रूपमा के को बारेमा हो?

- पढाइको उपलब्धि सुधार गर्ने प्रयत्नको रूपमा, मिशिगनका सांसदहरूले अक्टोबर 2016 मा सार्वजनिक ऐन 306 पारित गरे ।
- ग्रेड 3 को अन्त्यमा अझ धैरै विद्यार्थीहरूलाई कुशल बन्न सहयोग गर्न, यो कानुन अनुसार ग्रेड स्तरको पठन नभएका K-3 का विद्यार्थीहरूलाई अतिरिक्त समर्थन प्रदान गर्नु आवश्यक हुन्छ ।
- कानुनले ग्रेड 3 को अन्त्यमा बच्चाहरू पठनमा एक वा धैरै ग्रेड स्तर पछि परे भने बच्चालाई ग्रेड 3 मै राख्न सकिन्छ भन्ने कुरा पनि उल्लेख गर्छ ।

## 2 मैले अभिभावकको रूपमा के बुझ्नु पर्दछ ?

- तपाईंको बच्चाको पठनको प्रगति किन्डरगर्टनको सुरुबाटै एकदम नजिकबाट निगरानी गरिनेछ ।
- तपाईंको बच्चा अपेक्षा अनुसार पठन गरिरहेका छैनन् भने, पठन सुधार गर्ने योजना बनाइनेछ ।



यसको अर्थ के हुन्छ भने तपाईंको बच्चाका शिक्षक र विद्यालयले बच्चालाई पठनको विकासमा सहयोग आवश्यक पर्ने ठाउँ पहिचान गर्न र उनलाई सहयोग गर्ने योजना बनाउन बच्चासँग मिलेर काम गर्ने छन् । यो योजनाले निम्न कुराहरूलाई समेट्छ:

- आवश्यकताका क्षेत्रहरूमा अतिरिक्त निर्देशन वा समर्थन।
- पठनको प्रगतिमा निरन्तर जाँचहरू
- बच्चा विद्यालयमा नभएको समयमा, तपाईं वा तपाईंको बच्चालाई घरमा पढ्न र लेख्न प्रोत्साहित गर्ने घरको पढाइको योजना ।
- तपाईंको बच्चालाई ग्रीष्मकालीन पठन कार्यक्रममा सहभागी हुन¬ प्रोत्साहित गर्न सकिन्छ ।

- विद्यालय लागेको दिन, तपाईंको बच्चाको पठन सुधार योजनाका अतिरिक्त समर्थनहरू साना समूहहरूमा प्रदान गरिनेछ । तपाईंका बच्चाले पठनको नियमित निर्देशन छुटाउने छैनन् ।
- विद्यालय वर्ष 2019-2020 बाट, ग्रेड 3 बाट ग्रेड 4 मा जानका लागि, तपाईंको बच्चाले अनिवार्य रूपमा राज्यको पठनको मूल्याङ्कनमा एकवर्षभन्दा कम स्तरको अङ्क प्राप्त वा वैकल्पिक परीक्षण वा विद्यार्थीका कामहरूको पोर्टफोलियोमा ग्रेड 3 को पठन स्तर प्रदर्शन गर्नु पर्दछ ।
- तपाईंलाई तपाईंको बच्चालाई ग्रेड तीनमै राखिन सक्छ भनेर सूचित गरियो भने तपाईंसँग विद्यालयका अधिकारीहरूसँग भेट्न पाउने र बच्चाको भलाइ हुन्छ भने 30 दिन भित्र छूटको अनुरोध राख्न पाउने अधिकार हुन्छ । जिल्लाको निरीक्षकले अन्तिम निर्णय गर्ने छन् ।

## 3 म बच्चालाई सहयोग गर्न के गर्न सक्छु ?

ग्रीष्मकालिन विश्राममा पनि घरमा दैनिक रूपमा बच्चासँग बच्चालाई सबैभन्दा धैरै मनपर्ने पुस्तक पढ्नुहोस् । यो कार्य गर्ने केही तरिकाहरू:



- बच्चाले सुन्ने गरी ठूलो स्वरमा पढ्नुहोस् ।
- बच्चाले पढेको सुन्नुहोस् ।
- प्रतिध्वनि बनाएर पढ्नुहोस् (तपाईंले एउटा पङ्क्ति पढ्नुहुन्छ र बच्चाले त्यसलाई दोहोर्याउँछन्) ।
- मिलेर एकैचोटी पढ्नुहोस् ।
- सबैभन्दा मनपर्ने कथा पुन: पढ्नुहोस् वा पुन भन्नुहोस् ।
- पठनको बारेमा बच्चासँग कुराकानी गर्नुहोस् ।

**थप जानकारी र बच्चाको समर्थनका लागि आफ्नो भवनका निर्देशकलाई सम्पर्क गर्नुहोस् ।**

बच्चासँग कसरी “पठन गर्ने” भन्ने बारेमा बनाइएको यो भिडियो हेर्नुहोस् र यसलाई घरमा प्रयोग गर्न प्रयास गर्नुहोस्: https://youtu.be/FjJD1UDwVKg

तपाईंले पठन गर्दै गर्दा:

- बच्चालाई उनीहरूले के कुरा सम्झिएका छन् सोध्नुहोस् ।
- पठनको बारेमा प्रश्न सोध्नुहोस् ।
- आफूलाई सबैभन्दा धैरै मनपरेका भागहरू, आफूले सिकेका कुराहरू, वा पुस्तकमा को छ र उनीहरू के गर्छन् भन्ने बारेमा कुराकानी गर्नुहोस् ।
- पुस्तकमा भएका चित्र र चित्रहरू पृष्ठमा भएका शब्दहरूसँग कसरी जोडिन्छन् भन्ने बारेमा कुराकानी गर्नुहोस् ।
- कथा वा तपाईंले पढेका अरू पुस्तकहरू आफ्नो बच्चाको जीवनसँग जोड्न सहयोग गर्नुहोस् ।



- आफ्नो बच्चासँग धैरै कुराकानी गर्नुहोस्, बोल्नुहोस् - अझ धैरै शब्दहरू चिन्नाले बच्चालाई आफूले पढेको कुरा बुझ्न सहयोग गर्दछ ।
- लेख्न प्रोत्साहन गर्नुहोस् - बच्चालाई उनीहरूले सुनेका आवाजहरू लेख्न लगाउनुहोस्, हिज्जे विकासशील र प्रगति गराउने कार्य हुन्छ ।
- बच्चाको शिक्षामा सहभागी हुनुहोस् र बच्चासँग पठन योजना छ भने त्यसमा सहयोग पुर्याउनुहोस् ।